# प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः- २०८१/८२

चलानी नं.:- 69

मितिः २०८१/५/26


विषयः- माग आकृति फाराम पठाउने सम्बन्धमा।

श्री स्थानीय तह (सबै),
बागमती प्रदेश।

उपरोक्त विषयमा यस आयोगको आ.व. २०८१/८२ को वार्षिक पदपूर्ति कार्यतालिकामा विभिन्न सेवा, समूह, उपसमूहका अधिकृतस्तर नवौं तहका पदहरूको विज्ञापन असोज महिनाको दोस्रो सोमवार प्रकाशन गर्ने व्यवस्था रहेको छ। तत् सम्बन्धमा स्थानीय तहहरूले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ७ को उपदफा (१)(२)(३) बमोजिम पद दर्ता गराउनु पर्ने व्यवस्था रहेकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत दरबन्दी तथा नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण भएका पदहरू नियमानुसार प्रदेश किताबखानामा पद दर्ता गराई तपसिल बमोजिमको विवरण सहित रिक्त रहेका विभिन्न सेवा समूह, उपसमूहका अधिकृतस्तर नवौं तहका पदहरूको माग आकृति फाराम मिति २०८१/०६/०७ गते सम्ममा आयोगमा आइपुग्ने गरी पठाउनुहुन निर्णायानुसार अनुरोध छ। साथै आयोगको वार्षिक पदपूर्ति कार्यतालिका र माग आकृति फारामको ढाँचा यसैसाथ संलग्न राखिएको व्यहोरा अनुरोध छ।

तपसिल

१) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत दरबन्दी तथा नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसारको दरबन्दी र रिक्त रहेको पदहरूको विवरण।
२) प्रदेश किताबखानामा पददर्ता गराएको विवरण।
३) रिक्त पद पदपूर्तिका लागी प्रदेश लोक सेवा आयोगमा माग पठाउने सम्बन्धी कार्यपालिकाको बैठकको निर्णयको प्रतिलिपि।
४) प्रदेश लोक सेवा आयोगमा रिक्त पद पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को अनुसूची-१ बमोजिमको माग आकृति फाराम (कार्यापलिकाको बैठकको निर्णय नभएमा फाराममा कार्यपालिका प्रमुखको समेत दस्तखत अनिवार्य हुनुपर्ने)।

(गणेशलाल महर्जन)
अधिकृत नवौं

बोधार्थ

१) श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौडा।
२) श्री प्रदेश किताबखाना, बागमती प्रदेश, हेटौडा।


फोन नं.: ०५७-५९०६१३, ५९०६१४, ५९०६१५ ईमेल: info.ppsc@bagamati.gov.np वेब साइटः ppsc.bagamati.gov.np

# प्रदेश लोक सेवा आयोग
बागमती प्रदेश, हेटौंडा

अनुसूची – ३
(नियम ५ को उपनियम (१) संग सम्बन्धित)

## प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको आ.व. २०८१/८२ को वार्षिक पदपूर्ति कार्यतालिका
(अधिकृतस्तर तथा सहायकस्तरका पदहरूको लागि)

| सि.नं. | तह | पदपूर्तिको किसिम | माग आकृति फाराम संकलन | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|
| १. | विभिन्न सेवाका अधिकृतस्तर एघारौं तह वा सो सरहका अप्राविधिक तथा प्राविधिक पदहरू | जेष्ठता र कार्यसम्पादन तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा | आवश्यकता अनुसार | | | | |
| २. | विभिन्न सेवाका अधिकृतस्तर नवौं तह वा सो सरहका अप्राविधिक तथा प्राविधिक पदहरू | जेष्ठता र कार्यसम्पादन तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा | असोज महिनाको पहिलो सोमबार | असोज महिनाको दोस्रो सोमबार | मंसिर/पौष | माघ/फागुन | फागुन/चैत्र |
| | | खुला/अन्तर तह/ आन्तरिक अन्तर सेवा | | | | | |
| ३. | विभिन्न सेवाका अधिकृतस्तर सातौं/आठौं तह वा सो सरहका अप्राविधिक तथा प्राविधिक पदहरू | जेष्ठता र कार्यसम्पादन तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा | कार्तिक महिनाको पहिलो सोमबार | कार्तिक महिनाको दोस्रो सोमबार | पौष/माघ | फागुन/चैत्र | वैशाख/जेठ |
| | | खुला/अन्तर तह | | | | | |
| ४. | विभिन्न सेवाका सहायकस्तर पाँचौं तह वा सो सरहका अप्राविधिक तथा प्राविधिक पदहरू | खुला | मंसिर महिनाको पहिलो सोमबार | मंसिर महिनाको दोस्रो सोमबार | माघ/फागुन | चैत्र/वैशाख | जेठ/आषाढ |

द्रष्टव्यः-

१. वार्षिक कार्यतालिका लागू हुने मितिः २०८१/०४/०१
२. माथि कार्यतालिकामा नपरेका अन्य विषयहरूलाई क्रमशः समावेश गरिनेछ।
३. कुनै सेवा, समूह, उपसमूह, तहका पदहरूको वार्षिक पदपूर्ति कार्यतालिका आवश्यकता अनुसार आयोगले संशोधन गर्नसक्नेछ।
४. प्रदेश तथा स्थानीय तहका संगठित संस्थाको हकमा माग आकृति फाराम प्राप्त भएपछि पदपूर्ति तालिका प्रकाशन गरिने छ।

प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश

अनुसूची-१

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

## रिक्त पदपूर्तिका लागि माग गर्दा भर्नु पर्ने माग आकृति फाराम

माग गर्ने कार्यालयको नाम र ठेगानाः

| १ | २ | ३ | ४ | ५ | ६ | | ७ | ८ | | | | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | माग पदको नाम | पदको तह | सेवा/ समूह/ उपसमूह | स्थायी/अस्थायी | आवश्यक न्यूनतम शैक्षिक योग्यता | | संक्षिप्त कार्यविवरण र उम्मेदवारले सुरुमा काम गर्नुपर्ने जिल्ला | अघिल्लो दुई आ.व.मा माग भई पूर्ति हुन बाँकी पदसङ्ख्या | | यस आ.व.को माग नयाँ पद सृजना वा रिक्त भई माग गरिएको सङ्ख्या | | कूल माग पदसङ्ख्या | कैफियत |
| | | | | | खुलाको लागि | बढुवाको लागि | | आ.व. ....को | आ.व. ....को | नयाँ पद सृजना | रिक्त | | |
| | | | | | | | | | | | | | |

**द्रष्टव्यः**

१। महल ८ अन्तर्गतको पहिलो कोलममा दुई आ.व.को विवरण खुलाउने।

२। महल ८ अन्तर्गतको दोस्रो कोलममा नयाँ पद सृजना भएको भए कुन मितिमा भएको हो खुलाउने र रिक्त भएको भए कसरी रिक्त भएको हो कैफियत महलमा अनिवार्य रूपमा खुलाउनु पर्नेछ।

३। अन्य आवश्यक कुराहरू भएमा उल्लेख गर्नेः....................

कार्यालय प्रमुखको,-

दस्तखतः

मितिः

नाम, थरः

पदः